# कालिञ्चोक गाउँपालिका
## Kalinchok Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

सुनखानी, दोलखा
Sunkhani, Dolakha
बागमती प्रदेश, नेपाल।
Bagmati Province, Nepal.


पत्र संख्या/ Ref. No : ०८२/८३
चलानी नं/ Dispatch No :-

## आलु बिउ उत्पादन कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना

### प्रथम पटक सूचना प्रकाशित मिति:२०८२/०७/१७

यस कालिञ्चोक गाउँपालिकाको आ.व २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार आलु बिउ उत्पादनका लागि अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा यस गाउँपालिकामा रहेका कृषि व्यवसाय एवं सहकारी सम्बन्धी संलग्न इच्छुक कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म/उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ ।यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ दिनभित्र (मिति २०८२ मंसिर ७ गते) यस कार्यालयमा तपसिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ ।यस सम्बन्धी थप जानकारीका लागि कालिञ्चोक गाउँपालिकाको वेबसाइट WWW.Kalinchowkmun.gov.np मा वा गाउँपालिकाको फेसबुक पेज कालिन्चोक गाउँपालिका तथा Kalinchok Rural Municipality वा मोबाइल नं. ९८६०७८६०७४,९८६११९१२३५ र ९८४५०६६०३६ मा सम्पर्क गर्न सकिनेछ ।

**आवश्यक कागजात:**

१.संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि(नवीकरण सहित) ।

२.कार्यक्रम सञ्चालन प्रस्तावना पत्र ।

३. गत आ.व को संस्थाको लेखा परीक्षण भएको प्रतिवेदनको फोटोकपी ।

४. गत आ.व सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित स्थानीय तहको प्रमाणपत्र ।

५.जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि ।

६.प्रतिबद्धता पत्र

७.आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरु ।

**सञ्चालन गर्न सकिने क्रियाकलापहरु:**

क. पूर्व बीउ ,स्रोत बीउ वा प्रमाणित पुस्ताका बीउ उत्पादन,सूक्ष्म खाद्यतत्व,बाली संरक्षण,बाली निरिक्षण,बीउ प्रमाणीकरण ।
ख. बीउ प्याकेजिङ्ग,बीउ भण्डारण,
ग. कृषि औजार एवं उपकरण

CamScanner

घ. साना सिँचाई निर्माण,रष्टिक स्टोर निर्माण,

ङ. क्षमता अभिवृद्धि तालिम/अभिमुखीकरण ।

**कार्यक्रमको न्यूनतम मापदण्ड/प्रासङ्गिक विषय देहाय बमोजिम हुनेछः**

क. बीउ उत्पादन कार्यक्रम बढीमा तीन (३) वटा क्लस्टर प्रति क्लस्टर न्यूनतम एक (१) हेक्टर क्षेत्रफलमा सञ्चालन गर्नुपर्नेछ ।

ख. कुल बजेट मध्ये ५०(पचास) प्रतिशत रकम अनिवार्य रुपमा बीउ खरिदमा खर्च गर्नुपर्नेछ ।

ग. बीउ खरिद गर्दा आधिकारिक स्रोत र गुणस्तर यकिन हुने गरी खरिद गर्नुपर्नेछ ।

घ. अन्य विषयमा कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम हुनेछ ।

पवन कुमार प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

कालिञ्चोक गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

सुनखानी,दोलखा

**प्रदेश तथा तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८२ बमोजिमको आलु बीउ उत्पादन कार्यक्रमको लागि लाभग्राही छनौट मापदण्ड**

| क.स | छनौटका आधारहरु | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | भौगोलिक उपयुक्तता | २० | समुन्द्री सतहबाट १८०० मिटर माथिको उचाइ हुनुपर्ने/खेती गरिने जमिन क्लष्टर मिलेको हुनुपर्ने,उपयुक्त हावापानी हुनुपर्ने |
| २ | आलु बिउ उत्पादनमा अनुभव हासिल भएको नभएको | १० | बिगतमा आलु बिउ उत्पादनमा सहभागी भइ आलुको बिउ उत्पादन गरेको हुनुपर्ने |
| ३ | सिंचाईको सुविधा उपलब्ध भए/नभएको | १५ | सिंचाइको सुविधा उपलब्ध भएको हुनुपर्न |
| ४ | समूह/संस्थागत क्षमता | १५ | कार्यक्रम संचालनका लागि समूह/संस्थाको आर्थिक ,सामाजिक,प्राविधिक तथा जनशक्तीगत सक्षमता हुनुपर्ने |
| ५ | कृषि क्षेत्रमा सक्रिय संलग्नता | १० | कार्यक्रममा सहभागी हुन इच्छुक संस्था र समूह कृषि क्षेत्रमा निरन्तर सक्रिय भएको हुनुपर्ने |
| ६ | समूह/संस्थाको व्यवस्थापकीय क्षमता | १० | मल,आवश्यक मेशिनरी आदिको व्यवस्थापन गर्न सक्ने क्षमता |
| ७ | अन्य | ५ | प्राविधिक स्थलगत अनुगमनबाट निर्धारण हुने |
| | जम्मा अंकभार | ८५ | |

अनुसूची

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

**अनुदानको लागि पेश गर्ने निवेदनको ढाँचा (नमूना)**

मितिः

विषयः अनुदान उपलब्ध गराइदिनुहुन।

श्रीमान् ...........................

................कार्यालय,

................ स्थानीय तह/प्रदेश।

महोदय,

तहाँ कार्यालयवाट मिति..........................मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको ............................कार्यक्रमको उद्देश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ। कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौं/छु।

**तपसिलः**

अनुदानग्राहीको नामः

ठेगानाः

स्थानीय तह/ प्रदेशः

वडा नं

कार्यक्रमको नामः

कार्यक्रमको उद्देश्यः

अनुदान रकम आवश्यक पर्नुको कारणः

सञ्चालन गरिने कार्यक्रमः क्रमागत भए गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन

कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः

कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः

कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः

कार्यक्रमवाट लाभान्वित जनसंख्याः

**निवदेक**

कृषक समूह/कृषि सहकारी संस्था/कृषि फार्म/ उद्यमी कृषक

अध्यक्ष/प्रतिनिधिको दस्तखतः

नाम थरः

पदः

सम्पर्क फोन नं

मितिः

संस्थाको छाप